# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
५ नं.प्रदेश, नेपाल

मिति: २०७५।०४।२०

**सम्बन्धित वडा कार्यालयमै गई बैङ्किङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०७५।०४।०५ गते बसेको बैठकको निर्णयानुसार गत आ.व. बाट नै बैङ्किङ प्रणली मार्फत वितरण गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ता चालू आ.व.मा थप प्रभावकारी र व्यवस्थित बनाई सम्बन्धित लाभग्रहीहरुले सहजरुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने बनाउन सम्बन्धित वडा कार्यालयमै गई बैकिङ प्रणली मार्फत आ.व. २०७५।०७६ को सामाजिक सुरक्षा भत्ता वितरण गर्न इच्छुक नेपालगञ्ज उपमहानगरपालिका भित्र कार्यक्षेत्र भएका वाणिज्य तथा विकास बैङ्कहरु (क, ख वर्ग) लाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपशिलका विवरणहरु खुलाई कार्यालय समयमा प्रस्ताब पेश गर्नुहुन जानकारीको लागि अनुरोध छ । प्रस्ताव पेश गर्ने बैङ्कहरुमध्ये सम्बन्धित वडा कार्यालयको सिफरिस तथा लाभग्राहीहरुको भौगोलिक निकटता समेतलाई आधार मानी नगर कार्यपालिकाले बैङ्क छनौट गरी द्धिपक्षीय सम्झौता गर्नेछ ।

**तपशिल**

१. नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र भएका सम्वन्धित बैङ्कका शाखा कार्यालयहरु स्थान सहित खुलाउने ।

२. सामाजिक सुरक्षा भत्ता वितरण गर्न चाहेका वडा कार्यालयहरु ।

३. बैङ्किङ प्रणली मार्फत सम्बन्धित वडामा कसरी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने हो त्यसको स्पस्ट जानकारी ।

४.अघिल्लो आ.व.हरुमा यस नेपालगञ्ज उपमहानगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण गरेका बैङ्कहरुको सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका वडाहरुको विवरण ।

**प्रमुख प्रशासकीय अधिकृत**